गौमुल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
घटमुना, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
☎ ९८४८४९२७२७

प.स:२०८२।०८३
च.नं. ११०३

मिति: २०८३।०२।१२
नेपाल सम्वत:११४६ अनालाध्व दशमी

गौमुल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घटमुना, बाजुरा सुदूरपश्चिम प्रदेश, नेपाल

## कोटेशन खोल्ने समय सारिएको सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा यस गौमुल गाउँपालिका अन्तर्गत जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको आर्थिक सहयोगमा आ.व. २०८२/०८३ मा निर्माण हुने खानेपानी, बहुउपयोगी तथा सिँचाइ योजनाहरूका लागि बाह्य निर्माण सामग्री खरिद सम्बन्धी परियोजनाको सामुदायिक खरिद कार्यविधि, २०८२ अनुसार मिति २०८३/०१/२७ गते पश्चिम टुडे राष्ट्रिय दैनिक, धनगढी मार्फत सूचना प्रकाशन गरिएको थियो। उक्त सूचना अनुसार दरभाउपत्र पेश गर्ने समयावधि मिति २०८३/०२/११ गते बिहान १२:०० बजे सम्पन्न भएको र संकलित कोटेशनहरू खोल्ने मिति २०८३/०२/१४ गते तोकिएको थियो। तर मिति २०८३/०२/१४ गते बकर ईद, २०८३/०२/१५ गते राष्ट्रिय गणतन्त्र दिवस तथा मिति २०८३/०२/१६ र १७ गते क्रमशः शनिबार र आइतबार सार्वजनिक बिदा परेको हुँदा, सूचनामा उल्लेखित बुँदा नं. ६ अनुसार "दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समयभित्र बिक्री गरिने, दर्ता गरिने वा खोलिनेछ" भन्ने व्यवस्था बमोजिम संकलन गरिएका कोटेशनहरू मिति २०८३/०२/१८ गते सोमबारका दिन खोल्ने निर्णय गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

जगदिश प्रसाद भट्ट
प्रमुख प्रशासकिय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**